## अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुस्तक पुरस्कारका लागि

## पुस्तक दर्ता गर्नेबारे सूचना

संसारभरि छरिएर बसोबास गरेका नेपाली लेखकहरूबाट नेपाली साहित्यका विभिन्न विधामा लेखिएका पुस्तकहरूको मूल्याङ्कन गरी २००० अमेरिकी डलरको एक अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारका साथ कविता, कथा, उपन्यास, निबन्ध/नियात्रा/संस्मरण, गीत/गजल/मुक्तक/हाइकु, समालोचना, संस्कृति, लोक साहित्य, बालकृत साहित्यको सर्वोत्कृष्ट कृतिलगायतका विभिन्न १० विधामा पुरस्कार प्रदान गरिने हुँदा देहायबमोजिम पुस्तक पठाउन हार्दिक आह्वान गरिन्छ ।

**पुस्तकका लागि मुख्य आधारहरू :**

१. पुस्तकहरू नेपाली भाषामा लेखिएको हुनुपर्नेछ ।

२. पुस्तकको विधा प्रस्ट रूपमा छुट्टिएको हुनुपर्नेछ ।

३. पुस्तक आवरणसहित कम्तीमा ६४ पृष्ठको हुनुपर्नेछ । पुस्तक परिचय, भूमिका, शुभकामना तथा लेखकीयबाहेक मूल पाठ ६० भन्दा कम भएका कृतिहरू प्रतियोगितामा समावेश गरिने छैनन् ।

४. पुस्तक सन् २०२३ जनवरी १ देखि सन् २०२४ डिसेम्बर ३१ भित्रको मितिमा मुद्रण भएको हुनुपर्नेछ । मुद्रणको मिति विक्रम सम्वतमा लेखिएको भए ईस्वी सनमा बदल्दा माथिको मितिसित मेल खानुपर्नेछ । महिना र गतेको सीमा प्रस्ट हुनका लागि पुस्तकबारे स्थानीय अखबारमा सार्वजनिक भएको समाचारलाई आधार मानिनेछ ।

५. पुस्तक पठाउँदा पुस्तक **फरवरी २८, सन् २०२५** सम्ममा तलको ठेगानामा आइपुग्नुपर्नेछ । यसरी दर्ता गरेको जानकारी pandeytirtha@gmail.com र/वा sandhya_pahari@yahoo.com इमेलमा जानकारी गराउनु हुन अनुरोध छ ।

६. एकैजना लेखकले माथिका शर्त पूरा भएका जतिवटा कृति पनि दर्ता गराउन सक्नेछन् । प्रत्येक कृतिका ४ प्रतिका दरले पुस्तकहरू दर्ता गराउनुहुन अनुरोध छ । इच्छुक लेखकहरूले आफ्नो कृतिको पिडिएफ फाइल समेत पठाउन सक्नेछन् ।

७. लेखकले पुस्तकका साथमा पुरस्कार समितिले निर्धारण गरेको लेखक परिचय फाराम पूरा भरेर अनिवार्य रूपमा गराउनु हुन अनुरोध छ ।

८. मदन पुरस्कार प्राप्त गरेका पुस्तकहरू अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारका लागि दर्ता गरिनेछैन ।

९. अनेसासका बहालवाला केन्द्रीय पदाधिकारी तथा उनका पति/पत्नी तथा छोराछोरी, बोर्ड अफ ट्रस्टिज कार्यसमितिका पदाधिकारी तथा उनका पति/पत्नी/छोराछोरी, सल्लाहकारहरू तथा उनका पति/पत्नी/छोराछोरी, पुरस्कार समितिका पदाधिकारी तथा उनका पति/पत्नी/छोराछोरीले अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कारका लागि पुस्तक दर्ता गराउन पाउने छैनन् । छद्म नाममा माथिका व्यक्तिहरूको पुस्तक दर्ता भएको थाहा भएमा, उजुरी परेमा वा खुलासा भएमा पुरस्कृत भइसकेको अवस्थामा पनि पुरस्कार समितिले पुरस्कारलाई रद्द गर्नेछ ।

१०. बाललेखकहरूको पुस्तक दर्ता गर्दा बाललेखकलाई अभिभावकहरूले सहयोग गरिदिनुपर्नेछ, सम्पर्कको माध्यम अभिभावक बनिदिनुपर्नेछ ।

११. सबैभन्दा बढी राशीको अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार यसअघि प्राप्त गरिसकेका लेखकबाट कुनै पनि विधामा प्रतिस्पर्धाका लागि पुस्तक दर्ता गर्न पाइनेछैन ।

१२. कुनै विधामा यसअघि नै एकपटक पुरस्कार प्राप्त गरिसकेका स्रष्टालाई सोही विधामा पुनः प्रतिस्पर्धामा समावेश गरिनेछैन ।

१३. कसैको पूर्वप्रकाशित कृतिको नक्कल भएको वा सन् २०२३ को जनवरी १ अघि प्रकाशन भइसकेको पुस्तकको मिति सच्याएर दर्ता गरेको पाइएमा, उजुरी परेमा वा खुलासा भएमा पुरस्कृत भइसकेको अवस्था भए पनि पुरस्कार अस्वीकृत गरिनेछ ।

उपर्युक्त आधार पूरा गरी आएका पुस्तकहरूलाई मूल्याङ्कन समितिले मूल्याङ्कन गर्नेछ । मूल्याङ्कनकर्ताहरूबाट प्राप्त भएको नतिजालाई सन् २०२५ जुलाई महिनामा भानुजयन्तीका अवसरमा सार्वजनिक गरिनेछ ।

अनेसास सर्वोत्कृष्ट पुस्तक पुरस्कार वितरण महाकवि देवकोटाको जन्मजयन्तीका अवसरमा अनेसासको केन्द्रीय कार्यालय संयुक्त राज्य अमेरिकाको वासिङ्टन डी. सी. मा एक विशेष समारोह आयोजना गरी पुरस्कार वितरण गरिनेछ ।

**अनेसास नेपाल च्याप्टरको कार्यालय :**

सन्ध्या पहाडी
सम्पर्क स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी काठमाडौं
काठमाडौं, फोन नं. ९८४१८०३७१५

**संयुक्त राज्य अमेरिकामा ठेगाना :**

C/O Tirtha Pandey
6433 Abel Street
Elkridge MD 21075

अथवा

1727 Horner Road
Woodbridge, VA 22191

सधन्यवाद,

भवदीय,

तीर्थ पाण्डेयसंयोजक, पुरस्कार समिति